# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको

**अनलाइनमार्फत् विदेशबाट वस्तु तथा सेवा खरिद बापतको भुक्तानी गर्ने प्रयोजनका लागि परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गर्न सकिने सम्बन्धी सूचना ।**

अनलाइनमार्फत् विदेशबाट वस्तु तथा सेवा खरिद बापतको भुक्तानी गर्ने प्रयोजनका लागि इजाजतपत्रप्राप्त "क" वर्गका बैंकहरु र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरुबाट यस बैंकले तोकेका शर्तहरुको अधीनमा रही वार्षिक अधिकतम अमेरिकी डलर ५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको Prepaid Card जारी गर्न सकिने व्यवस्था गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ ।

उपर्युक्त व्यवस्थाका सम्बन्धमा यस बैंकबाट जारी गरिएको एकीकृत परिपत्र- २०७६ (संशोधन सहित) को एकीकृत इ.प्रा. परिपत्र: १५/२०७६ को दफा ७ मा उल्लिखित प्रावधानहरुको पूर्णरुपमा पालना गर्नुपर्नेछ । उल्लिखित परिपत्र यस बैंकको वेवसाइट (https://www.nrb.org.np/departments/fxm) बाट प्राप्त गर्न सकिनेछ ।

भवदीय,

राम‌ु पौडेल
(कार्यकारी निर्देशक)

प्रकाशित मिति: २०७७/१२/०८